## बैठक नं. ५५

आज मिति २०८२ साल असोज ८ गते बुधबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको पर्यटक सूचना केन्द्रमा तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | – |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | – |
| २० | सचिव | श्री राम दत्त भट्ट | |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरु:

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

CamScanner

**प्रस्तावहरू**

(१) सेवा प्रवाह सम्बन्धमा ।
(२) कार्यालय व्यवस्थापन सम्बन्धमा ।
(३) शुभकामना आदान प्रदान सम्बन्धमा ।
(४) क्षतिग्रस्त नगरपालिकाको प्रशासनिक भवनको प्राविधिक परीक्षण सम्बन्धमा ।
(५) सामाग्री खरिद सम्बन्धमा ।
(६) वडा नं. ४ र ८ वडा कार्यालय सञ्चालनको लागि भवन भाडामा लिने सम्बन्धमा ।
(७) भवन माग गर्ने सम्बन्धमा ।
(८) हार्दिक समवेदना सम्बन्धमा ।

**निर्णय नं. १**

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका कारण नगरपालिकाको कार्यालयबाट आकस्मिक सेवा मात्र प्रवाह भएकोमा वडा कार्यालय सहितको नियमित सेवा प्रवाह सुचारू गरी उपलब्ध स्रोत साधनको उच्चत्तम प्रयोग गरी सेवा प्रवाह गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका कारण क्षति ग्रस्त भएको नगरपालिका भवन र वडा कार्यालय भवनलाई नियमित सेवा सुचारू गर्ने किसिमले उपलब्ध स्रोत साधनको आधारमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आउँदै गरेको २०८२ सालको विजाय दशमी, शुभ दिपावली, ने.सं. ११४६ न्हूदँया भिंतुना तथा छठ पर्वको पावन अवसरमा कीर्तिपुर नगरपालिकामा बसोवास गर्नहुने नगरवासी तथा स्वदेश एवं विदेशमा बसोवास गर्नुहुने सम्पुर्ण नेपाली नागरिकहरूमा नगरपालिकाको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका कारण क्षति ग्रस्त भएको नगरपालिका तथा वडा कार्यालयको भौतिक अवस्थाको परीक्षण गर्न प्रचलित कानून वमोजिम परामर्शदाता नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका क्रममा भएको तोडफोड र आगजानीका कारण कार्यालयमा रहेका फर्निचर, कम्प्युटर, प्रिन्टर लगायतका सामग्रीहरू पूर्ण रुपमा क्षति भई सर्वजनिक सेवा प्रवाहमा कठिनाई उत्पन्न भएकोले प्रचलित कानूनको अधिनमा रही अत्यावश्यक सामग्रीहरू खरिद गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ६

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका क्रममा वडा नं. ४ को वडा कार्यालय भवन पूर्णरुपमा क्षतिग्रस्त भई सेवा प्रवाह गर्ने अवस्था नरहेको र वडा नं. ८ को वडा कार्यालय रहेको घर धनिले अन्यत्र सार्न जानकारी दिएकोले सम्बन्धित वडा समितिको निर्णयको आधारमा प्रचलित कानून बमोजिम वडा नं. ४ र वडा नं. ८ वडा कार्यालय सञ्चालनका लागि आवश्यक भवन भाडामा लिने प्रकृया अगाडि बढाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका कारण नगरपालिकाको प्रशासनिक भवन आगलागिवाट पूर्ण रुपमा क्षतिग्रस्त भई सेवा प्रवाहमा समस्या भएको र कार्यालय सञ्चालनका लागि उपयुक्त संरचना तत्काल व्यवस्था गर्न आवश्यक भएकोले यसै नगरपालिकाको वडा नं. १० मा अवस्थित त्रिभूवन विश्वविद्यालयको हाताभित्र रहेको भवन कार्यालय सञ्चालनका लागि माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

मिति २०८२ भाद्र २३ र २४ भएको आन्दोलनका क्रममा सहादत प्राप्त गर्नुहुने व्यक्ति प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै उक्त घटनामा घाईते हुन भएका महानुभावहरूको शिघ्र स्वास्थ्य लाभको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।